# समग्र

सीमान्तकृत मानिसहरूको
सशक्तीकरणमा
सामाजिक परिवार !

अंक-४५, चैत्र, २०७२


## भित्र


साधारणसभामा प्रस्तुत संक्षिप्त आर्थिक प्रतिवेदन......................२

अब ग्रामीण विकासमा नयाँ पद्धति अपनाउनुपर्छ ................३

भूकम्पको पुनर्निर्माणमा सघाउन डकर्मी तालिम............४

आधारभूत लेखा तालिम..........४

क्षेत्रीय कार्यसञ्चालन कार्यशाला सम्पन्न..................५

नारी दिवस मनाइयो................५

सामाजिक परिवारका लागि सचेतना कार्यक्रम ..................६

देउसी-भैलो खेलेर शिव मन्दिर निर्माण.........................................६

नयाँ .संविधानसम्वन्धी जानकारी..................................७

नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत......७

सरस्वती सामाजिक परिवार....८

सामुदायिक संस्थाहरूको साधारणसभा ............................८



सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल:

info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org





# समग्रको ३७ औं साधारणसभा

समग्र विकास सेवा केन्द्र (समग्र) को ३७ औं साधारणसभा काठमाडौंमा सम्पन्न भएको छ । २०७२ फागुन १ गते सम्पन्न साधारणसभाको उद्घाटन मानवशास्त्री विहारीकृष्ण श्रेष्ठले फूलको गमलामा पानी हालेर गरेका थिए ।

साधारणसभाले आगामी दुईवर्षे कार्यकालका लागि अध्यक्षमा दुर्गादत्त घिमिरेलाई पुन: सर्वसम्मत चुनेको छ । अध्यक्ष सहित नौ सदस्यीय कार्यसमितिको उपाध्यक्षमा चमेली प्रधान, महासचिवमा इ. बाबुकाजी अधिकारी, सचिवमा अनिता परियार, कोषाध्यक्षमा रूपा विश्वकर्मा चयन भए । संस्थाको सञ्चालक समिति सदस्यहरूमा छेवाङ्ग ग्याल्चेन लामा, दुर्गानन्द सदा, मीनादेवी चौधरी र कञ्चन लामा निर्वाचित भए ।

साधारणसभाले समग्रलाई प्रत्यक्ष/अप्रत्यक्ष सहयोग पुऱ्याउने साझेदार संस्थाहरू, दातृनिकाय तथा अन्य सहयोगीहरूलाई धन्यवाद दिने प्रस्तावलाई अनुमोदन गरेको थियो। अध्यक्ष दुर्गादत्त घिमिरेको अध्यक्षतामा सम्पन्न साधारणसभामा समग्रका कार्यसमितिका पदाधिकारी, सदस्यहरू, साधारण सदस्यहरू तथा कर्मचारीहरूको उपस्थिति थियो। साधारणसभाले महासचिव बाबुकाजी अधिकारीद्वारा प्रस्तुत प्रगति प्रतिवेदन तथा भावी कार्यक्रम सुझावसहित पारित गऱ्यो ।

त्यस्तै, साधारणसभाले कोषाध्यक्ष रूपा विश्वकर्माले पेश गरेको अघिल्लो आर्थिक वर्ष (आ.व. २०७१/७२) को खर्च र चालू आर्थिक वर्षको बजेट पनि स्वीकृत गरेको छ । समग्रले गत आर्थिक वर्षमा २ करोड ९३ लाख ३३ हजार १ सय ३ रुपैयाँ खर्च गरेको विवरण कोषाध्यक्ष विकले सभामा पेश गरेका थिए ।

साधारणसभाले चालु आ.व. २०७२/७३ को बजेट २ करोड १५ लाख ९५ हजार ५ सय ४७ रुपैयाँ पनि स्वीकृत गरेको छ। त्यसैगरी आ.व. २०७१/७२ को लेखा परिक्षण प्रतिवेदनलाई साधारणसभाले अनुमोदन गऱ्यो ।


*बाँकी पृष्ठ २ मा*

# साधारणसभामा प्रस्तुत संक्षिप्त आर्थिक प्रतिवेदन

## आर्थिक वर्ष २०७१/७२ को आयव्यय विवरण

| आम्दानीतर्फ | रकम |
|---|---|
| गत आ.व.०७०/७१ को मौज्दात | रू.५१,५२,९६८।- |
| गरिबी निवारण कोष | रू.८,५५,९७९।- |
| जी.एफ. | रू.१८५,००,०००।– |
| मेडेप | रू.९,६२,४९५।– |
| जिल्ला शिक्षा कार्यालय, लम्जुङ्ग | रू.२,५६,३२०।– |
| एलजिसिडिपी, लम्जुङ्ग | रू.१,१६,२५३।– |
| संस्थागत आम्दानी घुम्ती कोष | रू.६४,१७,११३।- |
| जसमध्ये संस्थागत आम्दानी | रू.१,४५,९१३।- |
| घुम्ती कोष | रू.६२,७१,२००।- |
| **कुल आम्दानी** | रू.**३,२२,६१,१२८।-** |
| **खर्च तर्फ** | |
| प्रशासनिक तथा शीर्षक अनुसारको खर्च | रू.४३,२५,३३८।- |
| ●परिश्रमिक तथा सेवा सुविधा | रू.४१,७२,१४८।- |
| ●घरभाडाहरू (केन्द्र तथा जिल्लाको समेत) | रू.४,३१,४८६।- |
| ●भ्रमण तथा यातायात खर्च | रू.६,८०,६५५।- |
| ●अन्य संचालन खर्चहरू * | रू.७,१३,९०१।- |
| कार्यक्रम सञ्चालन घुम्ती कोषको समेत) | रू.२,३२,००,८७२।- |
| **सम्पत्तितर्फ** | रू.१,३४,०४१।- |
| **कुल खर्च** | रू.२,९३,३३,१०३।- |
| आ.व. ०७१/०७२ को वचत मौज्दात | रू.२९,२८,०२५।– |

* केन्द्र, क्षेत्रीय तथा जिल्ला सम्पर्क कार्यालयहरू समेतको मसलन्द, टेलिफोन, बिजुली, मर्मत तथा संभार, आन्तरिक यातायात, इन्धन, अतिथि सत्कार इत्यादि खर्च।

## चालु आ. व. २०७२/७३ को आयव्यय विवरण

| आम्दानीतर्फ | रकम |
|---|---|
| दातृ निकाय | रू.१,८५,३५,००२।- |
| ●०७०/७२ को जी.एफ.बाट पहिले नै स्वीकृत बजेटभित्र | रू.२०,७२,९६०।- |
| ●गरिबी निवारण कोष | रू.११,२२,३३९।- |
| ●जी.एफ.बाट नयाँ कार्यक्रम/परियोजना) | रू.१,४४,९४,८०३।- |
| ●मेडेप | रू.२,०८,८००।- |
| ●शिक्षा कार्यालय सप्तरी | रू.७१,१००।- |
| ●एलजिसिडिपी लम्जुङ्ग | रू.३,३९,०००।- |
| ●एलजिसिडिपी कामपा काठमाडौं | रू.२,२६,०००।- |
| **संस्थागत आम्दानी** | रू.**३०,६०,५४५।-** |
| ●संस्थागत आम्दानी | रू.१९,२६,६६८।- |
| ●दातृ निकायबाट ओभरहेड | रू.११,३३,८७७।- |
| **कुल जम्मा** | रू.**२,१५,९५,५४७।-** |
| **प्रशासनिक तथा शीर्षक अनुसारको खर्च** | रू.४,३१,४८६।- |
| ●पारिश्रमिक तथा सेवा सुविधा | रू.६,८०,६५५।- |
| ●भ्रमण तथा यतायात खर्च | रू.७,१३,९०१। |
| ●घरभाडाहरू केन्द्र तथा ज़िल्लाको समेत) तथा अन्य सञ्चालन खर्चहरू * | रू.२,३२,००,८७२।- |
| **कुल खर्च** | रू.**१,५०,२७,८३७।-** |
| **सम्पत्तितर्फ** | रू.**३,३६,६००।-** |
| **कुल जम्मा** | रू.**२,१५,९५,५४७।-** |

समग्रले यसको स्थापनाकालदेखि नै घुम्ती कोष परिचालन गरी समूह-समूहमा बिनाधितो र कम ब्याजमा लगानी गर्दै आएको छ । मानवीय उन्नतिका क्षेत्रमा गर्दै आएको कार्यलाई आर्थिक रूपले समेत आय आर्जन समिति तथा सामाजिक परिवारका सदस्यहरूलाई आत्मनिर्भर तुल्याउन घुम्ती कोष परिचालन गर्दै आएको हो । सो कोष पनि उनीहरूकै समितिमा कोष वृद्धिका लागि हस्तान्तरण गर्देआएको छ ।

## समग्रको ३७ औं साधारणसभा......

आर्थिकवर्ष २०७२/७३ को लेखापरीक्षणका लागि लेखापरीक्षकको नियुक्ति, संस्थाको लैङ्गिक तथा समावेशीकरण नियमावली पारित गऱ्यो । सो साधारणसभामा समग्रले विभिन्न जिल्लाहरूमा सञ्चालन गरिरहेका कार्यक्रमको



प्रभाव तथा संस्थाले अब लिनुपर्ने रणनीतिका विषयमा सहभागीहरूले आ-आफ्नो सुझाव पेश गरेका थिए ।

साधारणसभाबाट पुनः अध्यक्षको जिम्मेवारी पाएपछि अध्यक्ष दुर्गादत्त घिमिरेले संस्थाको सबै सरोकारवाला पक्षहरूको रायसुझाव समेटी संस्थाको १० वर्षे कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउने प्रतिबद्धता व्यक्त गरेका थिए । 'समग्रले गरेका राम्रा कामहरूको आदानप्रदानका लागि विकास तथा सामाजिक परिचालनमा रुचि राख्नेहरूका लागि केन्द्रीय तथा अन्य कार्यालयलाई स्रोतकेन्द्रको रूपमा विकास गरिनेछ । दातृनिकायहरूसँगको सम्बन्धलाई मजबुत बनाई थप स्रोत-साधन जुटाउन पहल गरिनेछ', अध्यक्ष घिमिरेले भावी योजनाबारे भने, 'नयाँ संविधानअनुसारको संघीय संरचना अनुसार संस्थाको सांगठनिक संरचना तथा कार्यगर्ने ढाँचामा परिवर्तन गरिनेछ । प्राज्ञिक तथा वित्तीय संस्थाको निर्माणका लागि प्रयास गरिनेछ । संस्थाको आफ्नै भौतिक पूर्वाधार निर्माणका लागि प्रयास थालिने छ।'

अध्यक्ष घिमिरेले स्थानीय संस्थाहरूसँग साझेदारीका लागि प्रयास थालिने र समग्रका विभिन्न प्रकाशनहरूलाई नियमीत र समयसापेक्ष बनाइने जस्ता भावी योजनाबारे पनि जानकारी दिएका थिए ।

# अब ग्रामीण विकासमा नयाँ पद्धति अपनाउनुपर्छ



**बिहारीकृष्ण श्रेष्ठ**

समग्र विकास सेवा केन्द्रले विभिन्न चोलाहरू फेरेको छ । डोरनाथजी समग्रका कार्यकारी निर्देशक) मेरो मित्र । उहाँसँग परिचय भएको ३४ वर्ष भयो । उहाँ सबभन्दा पहिला आई.डि.एस.सँग आबद्ध हुनुहुन्थ्यो । यस्ता जति कार्यक्रम भए, त्यो उहाँमार्फत् कार्यान्वयन भएको देखेको छु । म मानवशास्त्री हुँ । जागिर छाडेपछि 'कन्सलटेन्सी' गरेको छु । यस्तै कार्यक्रम अरु डोनर एजेन्सीहरूका पनि छन् ।

अहिले कुनै पनि गाउँ छैनन्होला, जहाँका बासिन्दा कुनै न कुनै सहकारीमा आबद्ध नभएका हुन् । अहिले देशभित्र आयआर्जनको अवसरको कमीले भएभरका मानिस देशबाहिर गएका छन् । त्यस कारण यस्तो कार्यक्रमले मुलुकको समस्या समाधान गर्नमा जुन व्यापकता ल्याउनुपर्ने हो, त्यो नबनाएको हो कि भन्ने सोच्नुपर्ने बाध्यता छ ।

डोरनाथजीले पहिला संचालन गरेको 'ग्रामीण स्वाववलम्वन कार्यक्रम' आजभन्दा ४-५ वर्ष पहिले मूल्याङ्कन गर्ने अवसर पाएको थिएँ । म यस्तो किसिमको कार्यक्रमको मूल्यांकन दुई चरणमा गर्छु । पहिलो चरणमा 'जुनियर रिसर्चर' हरू पठाएर तथ्याङ्क संकलन गरेर ल्याउँछु । त्यो तथ्यांकको विश्लेषणपछि निस्कने नतीजाको आधारमा म आफैं फिल्ड गएर वास्तविक मानिससँग सोध्छु । मूल्यांकन गर्ने सिलसिलामा पहिलो कार्यक्रम महोत्तरीमा मटिहानीनजिकको गाउँको तथ्याङ्क संकलन गर्दा तीन किसिमको ऋण दिएको पाइयो । त्यो समूहमा 'फस्ट बोरोइङ', 'सेकेण्ड बोरोइङ', 'थर्ड बोरोइङ' गरी तीन पटक ऋण लिइएको थियो । 'फस्ट बोरोइङ' मा ऋण लिन धेरै जना इच्छुक थिए तर ऋण दिनका लागि उपलब्ध पूँजी सीमित थियो । 'सेकेन्ड बोरोइङ' मा चाहिँ ऋणको आकार ठूलो हुने तर ऋण लिनेको संख्या थोरै हुन्थ्यो तर 'थर्ड बोरोइङ' मा जाँदा ऋणको आकार ठूलो तर ऋण लिनेको संख्या झन् कम पाइयो । 'फस्ट बरोइङ' (पहिलो ऋण) मा महतो थरकी एक महिलाले दुई सय रुपैयाँ लिएकी थिइन् । त्यो तिरिन् । त्यसपछि दोस्रो र तेस्रोपटक ऋण लिइनन् । उनी सबैभन्दा सानो ऋणी पनि हुन् । उनले केका लागि ऋण लिएको होला । ऋण तिर्ने क्षमता पनि छ उनीसँग । दुई सय ऋण लिने भनेको गरिबमध्येको हो । एउटा समूहको अन्तर्क्रियामा जाँदा कार्यक्रम सकिएपछि मैले सोधेँ- फलानो नामको महिला हुनुहुन्छ ? पछाडिबाट पातली महिलाले हात उठाउनुभयो । मैले के सोधेँ, 'तपाईले दुई सय रुपैयाँ ऋण लिनुभएको थियो । त्यो तिर्नुभो, फेरि लिनुभएको पनि छैन, किन ?'

उहाँको जवाफ थियो, 'दुई सयले नै पुग्यो । एक सय ५५ को आलो माछा किनेँ । ४५ रुपैयाँको खाने तेल किनेँ । घरको स्टोभ

> **स्थानीय विकासमा गरिब र जातिभेदले थिचिएको मान्छेलाई सहभागी गराउन कुन किसिमको पद्धति अपनाउनुपर्छ भन्ने पुनः परिभाषित गर्नुपर्छ ।**

बोकेर हाट गएँ । माछा टुक्रा-टुक्रा पारेर पाँच-पाँच रुपैयाँले बेच्दा नाफा भयो । ऋण तिर्दी हालेँ ।' उनले सोमबार र बुधबार हाट-हाटमा गएर व्यापार गर्न थालिन् । व्यवसाय नै फेरियो । आजकाल उनको नाफा नै मासिक १५ सय हुन थालेको छ ।

मटेहानी बजारमा कपडा पसल लगायतको सानो बजार छ । मान्छेलाई ऋण दिने सबैभन्दा ठूलो व्यवसाय थियो । त्यहाँ तमसुक लेख्ने, समयमा पैसा तिरेन भने अर्को नालिस दिन सक्ने नियम थियो । दुई सय ऋण लिने महिला समूहमा नबस्दा त्यसअघि वार्षिक ६०% व्याजमा उसलाई जसले पनि ऋण दिन्थ्यो । उनले त्यो लिन समूह नै किन पर्खिइन् ? म उनको घर पनि गएँ । घर पनि पातला बाँसले बनाएको थियो । ओछ्याउने थिएन । भाडाकुडा पनि सीमित थिए । लोग्ने चाहिँ भारतको पञ्जाब गएको थियो काम गर्न । घरमा ससुरा-बुहारी बस्दा रहेछन् । उनी चाहिँ समूहमा मासिक २० रुपैयाँ जम्मा गर्थिन् । ससुरा-बुहारी कुरा गर्दा रहेछन्- त्यहाँ हाम्रो पनि पैसा परेको छ, अरुले ऋण लिएर फाइदा गर्न लागेका छन् । हामी पनि ऋण लिऊँ, केही न केही गरौं । धेरै लिऊँ भने ऋण तिर्न गाह्रो हुन्छ । दुई सय रुपैयाँ लिऊँ भनेर त्यो गरेका रहेछन् ।

ती महिलाले त्यो एउटा समूह नभएको भए ज्यामी काम गरेर कमाउँथिन् । व्यापारी बन्ने थिइनन् । उनले लगानी भनेको के हो ? कसरी गर्ने बचत ? त्यसमा जोखिम के-के हुँदो रहेछ ? नाफा कति हुँदो रहेछ ? सबै कुरा थाहा पाइन् ।

२७/२८ जनाको अध्ययन गर्दा सबैको ऋण थियो । कसैको घरमा बिरामी पर्दा ऋण लिएको, कसैको विवाहमा दहेज दिँदा, कसैले परिवार विदेश जाँदा ऋण लिएका थिए । मैले एउटा प्रश्न सोधेँ, 'तपाईंहरू २८ जनामध्ये मटेहानीमा कस-कसको ऋण छ हात उठाउनुस् ?' २८ जनामा २७ जनाले हात उठाए । कसैको २० हजार, कसैको ४० हजार ऋण थियो ।

मैले सोधेँ, 'समूहमा बस्दा फाइदा भएको छ ?' सबै एकै स्वरमा बोले, 'धुमधाम फाइदा भएको छ ।' यसो हेर्दा फाइदा भएजस्तो देखिन्छ । फाइदा आर्थिक दृष्टिले मात्र होइन, समूहमा बसेर चुरोट, जाँड-रक्सी खान नहुने, जुवातास खेल्न नहुने जस्तो नियमले पनि फाइदा भएको छ तर हाम्रो उद्देश्य चाहिँ गरिबी निवारण गर्ने हो । ती परिवार/सदस्यहरूको गरिबी निवारण भएको छ कि छैन ? समूहमा ७-८ वर्ष सदस्य भइसकेका छन् । अलि ठूलो काम गर्दा त्यहीँ गएर ऋण लिनुपरेको छ ।

अहिले मुलुकभरि सामाजिक परिवार विभिन्न किसिमको ५० हजार सदस्य छन् । अरु थुप्रै खालका कार्यक्रमहरू पनि छन् । सबैले यस्ता काम गर्छन् । गरिबी निवारणको लागि जुन उद्देश्य लिएका छौं र जुन स्केलमा हामीले यो कार्यक्रम सञ्चालन गरेका छौं, त्यसले गरिबी निवारण चाहिँ गर्दैन ।

संसारमा आजभन्दा २० वर्ष पहिलेदेखि माइक्रो फाइनान्सलाई विकासको मन्त्र हो भनेर ठूलो आँखाले हेर्न थालेका छन् । माइक्रो फाइनान्सले

बाँकी पृष्ठ ४ मा

# भूकम्पको पुनर्निर्माणमा सघाउन डकर्मी तालिम



गोरखा : जिल्ला घरेलु तथा साना उद्योग कार्यालयले समग्रसँगको सहकार्यमा गत बैशाख १२ गतेको विनासकारी भूकम्पले ध्वस्त गोरखाको पुनर्निर्माण कार्यमा सघाउन जिल्लाका विभिन्न गाविसहरूमा ४५ दिने सीपमूलक डकर्मी तालिम सञ्चालन गरेको

छ। सो तालिम खोप्लाङको अन्नपूर्ण सामाजिक परिवार ठूलोगैरी, दर्बुङ्गको सुनकोशी सामाजिक परिवार आँपटार, बोर्लाङ्गको फूलबारी सामाजिक परिवार क्यामुनटार, फुजेलको भैरवी सामाजिक परिवार भैरवीस्थान लगायत ठाउँमा सञ्चालन भएको हो।

घरेलुले प्रत्येक तालिम सञ्चालनका लागि दैनिक प्रतिव्यक्ति एक सय रुपैयाँका दरले २० जनालाई भत्तास्वरुप ९० हजार रुपैयाँ खर्च गरेको छ। यसबाहेक सामग्री खर्च ६० हजार, भवन निर्माण खर्च ५० हजार गरी जम्मा २ लाख रुपैयाँ बजेट उपलब्ध गराएको थियो।

उक्त तालिममा समग्र विकास सेवा केन्द्रले कार्य व्यवस्थापन तथा रेखदेख, सामान ढुवानी र स्टेश्नरी प्रदान तथा सहजीकरण गरेको थियो। समग्रका जिल्ला संयोजक भरत श्रेष्ठले सामाजिक परिवार मा रहेका स्थानीय वासिन्दाहरूले ढुङ्गा, गिट्टी, बालुवा, काठ तथा श्रमदान गरी काम सम्पन्न भएको बताए। तालिमसँगै सामुदायिक भवन मर्मत र पुनःनिर्माण पनि भएको उनले जानकारी दिए। खोप्लाङको तालिममा जिल्ला घरेलु कार्यलयबाट २ लाख ७६ हजार, ५ सय तथा समग्र र सापबाट १ लाख ८६ हजार गरी जम्मा ४ लाख ६२ हजार ५ सय भएको थियो। ●

## आधारभूत लेखा तालिम

धादिङ : समग्र विकास सेवा केन्द्रको संयोजन तथा गरिबी निवारण कोषको सहयोगमा संचालन भएका सामुदायिक संस्था तथा सामाजिक परिवारका सदस्यहरूलाई ३ दिने आधारभूत लेखा व्यवस्थापन तालिम २०७२ फागुन १८ देखि २० गतेसम्म तसर्पु गाविसमा सम्पन्न भयो।

तालिममा तसर्पु गाविसमा गठन भएका २० वटा सामुदायिक संस्था तथा सामाजिक परिवारका ४० जना सदस्य सहभागी थिए। समग्र विकास सेवा केन्द्रका लेखा-व्यवस्थापक भुवनेश्वर सिंहले तालिमको सहजीकरण गरेका थिए।

तालिममा सामुदायिक संस्था तथा सामाजिक परिवारका सदस्यहरूले आधारभूत लेखासम्बन्धी तालिमले आगामी दिनमा समूह सञ्चालन गर्न सजिलो हुने बताए। तालिमको अन्तिम दिन स्थानीय निकायहरूको रोहवरमा सम्पूर्ण समूहहरूको आय-व्ययको विवरण सार्वजनिक गरियो।

तसर्पु गाविसमा रहेका सामाजिक परिवार तथा सामुदायिक संस्थाका प्रतिनिधिहरूको सहभागितामा गाविसस्तरीय सञ्जालको निर्माण भएको छ। कर्णबहादुर तामाङको अध्क्षतामा गठन भएको यस संजालमा प्रल्हाद पौडेल, सचिव तथा कोषाध्यक्षमा देवी तामाङ छानिएका छन्। ●

## अब ग्रामीण विकासमा......

गर्ने संसारबाट गरिबी निवारणमा गर्ने योगदान दिन सक्छु भन्ने धारणाले अक्फोर्डजस्ता विश्वप्रसिद्ध विश्वविद्यालयमा पनि पढे। ती मान्छे देख्दा छक्क पर्छु र दया पनि लाग्छ। एसिया, अफ्रिकामा धेरैजसो जीवनयापनका लागि खाद्यान्न, लत्ताकपडा किन्न बिरामी पर्दा औषधी किन्न ऋण लिन्छन्। त्यो ऋण तिर्न फेरि अर्को ऋण लिनुपर्‍यो।

दुई सय ऋण लिने महिलाले लगानी र नाफा कसरी निकाल्ने भन्ने कुरा थाहा पाइसकिन्। अब उनलाई उपलब्ध 'बिजनेस म्यानेजमेन्ट' सम्बन्धी नयाँ आवश्यक जानकारी उपलब्ध गराइदिनुपर्‍यो। हिसाब किताब गर्ने क्षमता विकास गरे उनीसँग महिनाको १५ सय हैन, १५ हजार रुपैयाँ आर्थिक उपार्जन गर्न सक्ने क्षमता हुनसक्छ।

स्थानीय विकासमा गरिब र जातिभेदले थिचिएको मान्छेलाई सहभागी गराउन कुन किसिमको पद्धति अपनाउनुपर्छ भन्ने कुरा पुनः परिभाषित गर्नुपर्छ। त्यसकारण जुन तरिकाले सिर्जना गर्नु भएको छ त्यसको तरिकालाई माथि उठाएर नयाँ खोजी गर्नुपर्छ। सबै तहमा क्षमता विकासको अवसर जानुपर्छ। नत्र संस्थाको उद्देश्य कहिले पूर्ति हुँदैन।

त्यस कारण एकातिर गाउँमा संगठित गर्ने काम, अर्कोतिर गाँउमा संगठित हुँदा त्यसलाई असीमित तरिकाबाट साधन उपलब्ध गराउने वातावरण बनाउनुपर्छ। नत्र हामीलाई माइक्रो फाइनान्सले भुक्याउने मात्र काम गर्छ। गरिबी निवारण गर्दैन। समूहबाट दुई सय ऋण लिने महिलाको मासिक १५ सय आम्दानी हुने भएपछि सालमा १८ हजार रुपैयाँले गरिबी निवारण भयो। समूहमा सदस्य भएपछि जुन संभावनाहरूको उद्घाटन हुनगयो, त्यो संभावना अरु किसिमबाट हुँदैन, समूहबाट नै हुन्छ। त्यसकारण अब नयाँ फेजमा जानुपर्छ। ●

# क्षेत्रीय कार्यसञ्चालन कार्यशाला सम्पन्न



सिरहा : समग्र विकास सेवा केन्द्रले सिरहाको लहानमा तीनदिने कार्य सञ्चालन सम्बन्धी कार्यशाला सम्पन्न गरेको छ। २०७२ चैत्र १ देखि ३ गतेसम्म सञ्चालिन कार्यशालामा समग्रको कार्यक्रम रहेका सिरहा, सप्तरी, उदयपुर, सुनसरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, गोरखा, धादिङ्ग लमजुङलगायत जिल्लाका कार्यक्रम/जिल्ला संयोजकहरू, प्रशिक्षकहरू, उत्प्रेरकहरू, क्षेत्रीय संयोजक तथा केन्द्रीय कार्यालयका अधिकृतहरूसमेत गरी ३० जना सहभागी थिए।

समग्रका कार्यक्रम व्यवस्थापक प्रेमराज ढुङ्गेलले कार्य सञ्चालन सम्बन्धमा अन्यौलमा रहेका कुराहरू सहभागीहरूलाई प्रष्ट पारी पुनर्ताजगी प्रदान गर्नु र नवनियुक्त जिल्ला संयोजकहरूलाई कार्य सञ्चालन सम्बन्धी अभिमुखीकरण गराउनु कार्यशालाको मुख्य उद्देश्य रहेको बताएका थिए।

कार्यशाला उद्घाटनशत्रको सभापतित्व समग्र विकास सेवा केन्द्रका बोर्ड सदस्य दुर्गानन्द सदाले गरेका थिए। कार्यक्रमका प्रमुख अतिथिमा सिराहा नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत महमद शेरे मुस्तफा र विशेष अतिथिमा जिल्ला विकास समिति सिरहाका सामाजिक अधिकृत अरुण साह थिए।

प्रमुख अतिथि शेरे मुस्ताफाले समग्रजस्ता संस्थाहरूको देश विकासमा ठूलो भुमिका रहेको बताए। सहभागीहरूलाई सामाजिक विकास अधिकृत अरुण साहले सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका १४ चरणहरू, न्यूनतम शर्त र मापदण्ड (एमसीपीएम) बारे प्रशिक्षण दिएका थिए।

'समग्र' र गवर्नेन्स फेसिलिटीसँगको सहकार्यमा सञ्चालित त्रिवर्षीय कार्यक्रमको दीर्घकालिन र अल्पकालीन नतिजा, प्रतिफल र तिनका सूचकहरूका बारेमा छलफल गरियो। सहजकर्ता प्रेमराज ढुङ्गेलले विभिन्न क्रियाकलाप सञ्चालन विधि, प्रतिवेदन तयारी तथा कार्ययोजना निर्माण लगायत विषयहरूमा प्रस्ट हुन विभिन्न खेल, अभ्यास र प्रस्तुतीकरणको शैली अपनाएका थिए।

# नारी दिवस मनाइयो




गोरखा : गोरखाको दर्बुङ्ग गाविसको आँपटारीमा अन्तर्राष्ट्रिय नारी दिवस मनाइएको छ। सुनदेवी सामाजिक परिवारको आयोजनामा र्‍याली र सभाको आयोजना गरी १०६ औं नारी दिवस मनाइएको हो। दर्बुङ्गमा रहेका नौ वटा, फुजेलका तीन र नामजुङ दुई र बोर्लाङ्को एक गरी जम्मा १५ वटा सामाजिक परिवारका प्रतिनिधिहरू उक्त कार्यक्रममा सहभागी थिए। र्‍याली दर्बुङ्ग बजार परिक्रमा गरी आपटार पुगी सभामा परिणत भएको थियो।

र्‍यालीका सहभागीहरूले नारी अधिकारसम्बन्धी विभिन्न नाराहरू लेखिएका प्ले-कार्डहरू बोकेका थिए। उनीहरूले 'नारी हिंसा बन्द गर', 'बालश्रम शोषण बन्द गर', 'नारी-पुरुष समान हौं' जस्ता नाराहरू लगाएका थिए।

सप्तरीको राजविराजमा र्‍याली र सभा, लमजुङ्को वाग्लुङपानीमा हाजिरीजवाफ प्रतियोगिता र सिम्पानीमा लोकगीत प्रतियोगिता, सिरहाको भगवानपुर बजारमा र्‍याली र सभा गरी १०६ औं अन्तराष्ट्रिय महिला दिवस मनाइयो।

त्यसै गरी सामाजिक परिवारहरुले धादिङ्ग, धनुषा, महोत्तरी, सुनसरी, उदयपुरलगायत जिल्लाहरुमा बिभिन्न कार्यक्रम गरी नारी दिवस मनाए।

# सामाजिक परिवारका लागि सचेतना कार्यक्रम




**सप्तरी :** समग्र विकास सेवा केन्द्र शाखा कार्यालय सप्तरीको आयोजनामा शान्ति स्थापना र प्रजातान्त्रिक विकासका लागि सीमान्तकृत मानिसहरुको सशक्तीकरण गर्ने उद्देश्यले डिमन गाविसका समाजिक परिवारहरुलाई राज्यबाट प्रवाह हुने सार्वजनिक सेवाका बारेमा सामाजिक परिवारहरुलाई सचेतना कार्यक्रम सम्पन्न गऱ्यो। ससिया महराज सामाजिक परिवारका अध्यक्ष बौवालाल खंगको अध्यक्षता सम्पन्न कार्यक्रममा महिला ९१ र पुरुष १३ गरी १०४ जनाको सहभागिता थियो ।

कार्यक्रममा सरकारबाट दिने सेवा सुविधाबारेमा समग्रका सप्तरी जिल्ला संयोजक अरुणकुमार चौधरीले जानकारी गराएका थिए। महन्थबाबा सामाजिक परिवारका सदस्य सुनितादेवी यादवले भनिन्, ‘स्वास्थ्य चौकीबाट नि:शुल्क औषधिहरु वितरण गर्नेगरेको भने पनि अहिलेसम्म महिलाहरुले नि:शुल्क औषधि पाएका छैनन् । हामी स्वास्थ्य परीक्षणका लागि जाँदा स्वास्थ्यचौकीबाट पूर्जा लेखिदिन्छ, अनि अर्को ठाँउमा औषधी किन्न पठाउँछ । अहिलेसम्म सिटामोलसम्म नि:शुल्क पाएका छैनौं ।’

अर्को सहभागी सुनितादेवी रामले भनिन्, ‘गाविसमा दलितको नाममा पैसा आउँछ भन्ने सुनेको छु तर त्यो पैसा कहाँ जान्छ थाहा छैन । गाविसको कार्यक्रममा दलित महिलाहरुलाई कहिल्यै पनि सहभागी गराइँदैन ।’

कार्यक्रमका अध्यक्ष बौवालाल खङ्गले भने, ‘समग्रले अधिकारबारेमा जानकारी गराए पनि सेवादिनुपर्ने निकायहरुले सेवा दिँदैनन् । आफ्नै मिलेमतोमा काम गर्छन् । भ्रष्टाचार मौलाउदै गएको छ । यसविरुद्ध डिमन गाविसका सबै सामाजिक परिवारहरु एकजुट भई अभियान चलाउन जुर्मुराउनु पर्छ । त्यसको लागि प्रयास पनि गरिरहेका छौं ।’ ●

## देउसी-भैलो खेलेर शिव मन्दिर निर्माण

धादिङ : धादिङको गजुरी गाउँ विकास समिति-१, भदौरेमा कालिका सामाजिक परिवारको सक्रियतामा कपिलेश्वर महादेवको मन्दिर निर्माण सम्पन्न भएको छ ।

कालिका सामाजिक परिवारले देउसी-भैलो खेली संकलन गरेको रकम, स्थानीयको श्रमदान तथा चन्दादाताबाट संकलित जिन्सी तथा नगदबाट सो मन्दिरको निर्माण गरिएको हो । स्थानीय समाजसेवी खेमराज उप्रेती र समग्रका कार्यक्रम अधिकृत अमर अधिकारीले महाशिवरात्रीको दिन उद्घाटन मन्दिरको गरे ।

मन्दिरका लागि स्थानीय लेखमान श्रेष्ठले शिव-पार्वतीको मर्ति आफैंले बनाएर सो मन्दिरमा चढाएका थिए । वडा नागरिक मञ्चका संयोजक राजकुमार पण्डितले करिब तीन लाख रुपैयाँ बराबरको लागतमा निर्माण गरिएको सो भवनवाट धर्म संस्कृतिको जर्गेनामा मद्धत पुगेको बताए ।

कालिका सामाजिक परिवारका अध्यक्ष सान्नानी उप्रेतीले मन्दिर निर्माणबाट सामाजिक परिवारमा उत्साह अझ बढेको र गाउँका अरु विकास कार्यमा पनि जोश र जाँगरका साथ लाग्ने बताइन् । मन्दिरसंगै श्री सद्भाव गरिबी निवारण बहुउद्देश्यीय सहकारी संस्थाको आर्थिक सहयोगमा तरकारी संकलन केन्द्र पनि निर्माण गरिएको छ । यसबाट स्थानीय स्तरमा उत्पादित तरकारी तथा अन्य कृषि उत्पादनहरू बेच्नलाई सहयोग पुग्ने आशा स्थानीयको छ । ●



# नयाँ संविधानसम्बन्धी जानकारी



'नेपालको संविधान' २०७२ साल असोज ३ गते जारी भयो । यो संविधानका ३५ भाग, धारा ३०८ र ९ वटा अनुसूची छन् । भाग ३ मा मौलिक हकको व्यवस्था छ, जुन धारा १६ देखि ४६ सम्म ३१ वटा धारामा लिपिबद्ध छन् ।

१८. समानताको हक : (१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

(२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

(३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।

तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

स्पष्टीकरण : यस भाग र भाग ४ को प्रयोजनका लागि "आर्थिक रूपले विपन्न" भन्नाले संघीय कानूनमा तोकिएको आयभन्दा कम आय भएको व्यक्ति सम्झनु पर्छ ।

(४) समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन ।

(५) पैतृक सम्पत्तिमा लैंगिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ ।

१९. सञ्चारको हक : (१) विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन । तर नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाइबीचको सु-सम्बन्ध वा विभिन्न जात, जाति, धर्म वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पर्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने कार्यमा मनासिब प्रतिबन्ध लगाउने गरी ऐन बनाउन रोक लगाएको मानिने छैन ।

(२) कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापे बापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन ।

तर यस उपधारामा लेखिएको कुनै कुराले रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चार माध्यमको नियमन गर्न ऐन बनाउन बन्देज लगाएको मानिने छैन ।

(३) कानून बमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरुद्ध गरिने छैन ।

( क्रमश..)

## नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत वितरण गरिने भत्ता/वृत्ति/अनुदान पाउने लक्षित वर्गहरूको वर्गीकरण यसरी गरिएको छ

| क्र.सं. | लाभान्वित हुने वर्ग | भत्ता प्राप्त गर्ने योग्य उमेर | मासिक रकम | कैफियत/आधार |
|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक | कर्णाली अञ्चल : ६० वर्ष पूरा भएका सबै नागरिक दलित ६० वर्ष पूरा भएका दलित वर्गमा सूचीकृत जनजातिहरू अन्य ७० वर्ष पूरा भएका सबै नागरिक | ५००।- | दलित समुदायमा सूचीकृत जातिहरू: पहाडी मूल: गन्धर्व, परियार, बादी, विश्वकर्मा, सार्की, मधेशीमूल :कलर, ककैहिया, कोरी, खटिक, खत्वे, चमार, मोची, हरिजन, रविदास, डोम, तत्मा, दुसाध, धोबी, हिन्दु, पासी, बाँतर, मुसहर, मेस्तर, सरभङ्ग |
| २ | एकल महिला | ६० वर्ष उमेर पूरा भएका अविवाहित वसेका/सम्वन्ध विच्छेद भएका एकल महिला | ५००।- | विवाह वा पुन:विवाह भएमा स्वत: लगत काटिने |
| ३ | बिधवा | पतिको मृत्यु भएका जुनसुकै उमेरका महिलाहरू | ५००।- | पुन:विवाह भएमा स्वत: लगत काटिने |
| ४ | पूर्ण अपाङ्गता भएका व्यक्तिहरू | जुसुकै उमेरका | १,०००।- | रातो रङ्गको कार्डप्राप्त गरेका व्यक्तिहरू |
| ५ | अति अशक्त अपाङ्गता भएका व्यक्तिहरू | जुसुकै उमेरका | ३००।- | नीलो रङ्गको कार्डप्राप्त व्यक्तिहरू |
| ६ | आंशिक अपाङ्गता भएका व्यक्तिहरू | जुनसुकै उमेरका | २००।- | वि.स. २०६९ भन्दा अघिदेखि भत्ता पाइरहेका व्यक्तिहरू मात्र । |
| ७ | लोपोन्मुख आदिवासी जनजाति | जुनसुकै उमेरका | १००।- | कुसुण्डा, वनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे, कुशवाडिया, सिलकट, कुशवधिया र कुचवधिया जातिहरू मात्र |
| ८ | विपन्न बालबालिका | ६० महिनासम्म | २००।- | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ को दफा ३ (च) बमोजिम विपन्न पहिचान भएका एकापरिवारका बढीमा २ जना बालबालिका । |

# सरस्वती सामाजिक परिवार



लहान नगरपालिका वडा नं. ९ मा राम, चौधरी र अन्य गरी २३ घरधुरीको प्रतिनिधित्व हुनेगरी सरस्वती समाजिक परिवार गठन भएको थियो- २०६५ साल मंसिर ४ गते। सीमान्तकृत मानिसहरूको यो समूहको अगुवाइ मरानादेवी रामले गरेकी थिइन्।

साढे सात वर्षअघि गठित सामाजिक परिवारको नियमित बैठक हरेक महिनाको ४ गते बस्ने गर्छ। प्रत्येक सदस्यले मासिक २० रुपैयाँ वचत संकलन गर्ने गर्छन्। उपाध्यक्ष पवनदेवी चौधरीका अनुसार, हालसम्म १२ हजार रुपैयाँभन्दा बढी वचत संकलन भएको छ। गरिबी निवारण कार्यक्रम सञ्चालन भएको यो सामाजिक परिवारमा सो कार्यक्रमबाट अनुमानित ५ लाख रुपैयाँ आयआर्जनको लागि ऋण लगानी भएको छ।

सरस्वती सामाजिक परिवार गठन हुँदा समाजमा गरिबी, अशिक्षा थियो। सचिव चौठनीदेवी रामले भनिन्, 'घर र गाउँको वातावरण फोहोर थियो। सामाजिक परिवारको माध्यमबाट सबैलाई संगठित गर्दै विभिन्न चेतनामूलक तालिम, गोष्ठी भए। समग्रका कार्यकर्ता चन्द्रदेव रामको सहजीकरणबाट यस गाउँको मुहार केही हदसम्म फेरिएको छ। आफ्नो हक अधिकारप्रति सचेत भई आफ्ना बालबच्चालाई विद्यालय पढाउने, गाउँघरलाई सरसफाइ गर्ने, फजुल खर्च कटौती गरी वचत गर्दै जाने र आबश्यकता अनुसार आफ्ना समस्या समाधान गर्ने जस्ता काम सामाजिक परिवारबाट गर्न सकिएको उनले बताइन्।

सरस्वती सामाजिक परिवारकी अध्यक्ष मरानादेवीले भनिन्, 'महिलाहरू पहिले नयाँ मानिस देख्दा डराउँथे। आफ्नो परिचय पनि दिन पनि सक्दैनथे। समग्रले अधिकार सम्बन्धी तालिमहरू उपलब्ध गरायो। अहिले क्षमता बढेर सबै सदस्यहरू आफ्नो परिचय दिनसक्ने भएका छन्।' आफूले समग्रबाट पहाडी जिल्लाका सामाजिक परिवारहरूको पनि अवलोकन गर्ने मौका पाएको बताउँदै भनिन्, 'हाम्रो सामाजिक परिवारलाई पनि त्यत्तिकै राम्रो बनाउन प्रयास गरिरहेकी छु।'

सरस्वती सामाजिक परिवारको पहलमा लाहान नगरपालिकाबाट खानेपानीका तीनवटा हातेकल र बिजुलीका पोलहरू ल्याएको छ। सामाजिक परिवारकै अग्रसरतामा युएन ह्याबिटाटको सहयोगमा सबैको घरमा शौचालय बनेको छ।

यो सामाजिक परिवारले स्रोतमा पहुँचको अभ्यास पनि राम्रोसँग गरिरहेको देखिन्छ। लहानस्थित कृषि सेवाकेन्द्रबाट एक सय ५० वटा बिरुवा र पशु विकास सेवा केन्द्रबाट गाई, गोरू, बाख्रा र भैंसीका लागि १८ वटा गोठ निर्माण भएको छ। अहिले ती गोठहरू निर्माण सम्पन्न भई सामाजिक परिवारका सदस्यहरूले उपभोग गरिरहेका छन्।

सरस्वती सामाजिक परिवारकै पहलमा तीन लाख रुपैयाँको लागतमा लहान नगरपालिका वडा नं ९ मा 'दलित भवन' सामुदायिक घर निर्माण भएको छ।

सामाजिक परिवारको पहलबाट 'स्किल नेपाल' बाट चार जना महिलालाई सिलाइकटाइ तालिम दिलाएको थियो। उनीहरू अहिले रोजगारीमा लागेका छन्। सदस्य आशा मेहताले भनिन्, 'हामीसँग कहिल्यै पैसा हुँदैनथ्यो। रोजगारीमा लागेपछि जहिले पनि दुई-चार पैसा हातमा रहन्छ।' अर्की सदस्य गीता रामले भनिन्, 'आफ्नो घरको आवश्यकता पनि पूरा भएको छ। त्यसपछि दुइ-चार हजार रकम हातमा रहन्छ।' ●

## सामुदायिक संस्थाहरूको साधारणसभा

धादिङ : सामाजिक परिवार तथा गरिबी निवारण कोषको सहयोगमा धादिङ जिल्लाको री गाविसमा सञ्चालित दुईवटा सामुदायिक संस्थाहरूको साधारणसभा सम्पन्न भएको छ। साधारणसभाले आगामी दुई वर्षका लागि नयाँ नेतृत्व पनि चयन गरेको छ।



री गाविस-६, तामेस्थित प्रगतिशील सामाजिक परिवार/सामुदायिक संस्थाको साधारणसभाले दुई वर्षको लागि नयाँ कार्यसमिति चयन गरेको छ, जसको अध्यक्षमा शिबे लामा तामाङ, कोषाध्यक्षमा प्रमोद तामाङ तथा सचिवमा तबुश्री तामाङ रहेका छन्।

री गाविसकै वडा नं ८ मा रहेको पासाङचोक सामाजिक परिवार/सामुदायिक संस्थाको पनि साधारणसभा सम्पन्न भयो। साधारणसभाले दुई वर्षका लागि नयाँ कार्यसमिति पनि चयन गरेको छ। जसको अध्यक्षमा कुमारी बिक, कोषाध्यक्षमा भद्र बिक तथा सचिवमा सुन्तली बिक छन्। ●